हलेसी तुवाचुङ नगरपालिका

# हलेसी तुवाचुङ राजपत्र

खण्डः ४ संख्याः मितिः २०७९।०९।२४

## भाग- २

हलेसी तुवाचुङ नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशित

दुर्छिम, खोटाङ प्रदेश नं. १ नेपाल

# हलेसी तुवाचुङ नगरपालिकाको विभिन्न समूह गठन र सञ्चालनसम्वन्धी कार्यविधि, २०७९

## हलेसी तुवाचुङ नगरपालिकाको विभिन्न समूह गठन र सञ्चालनसम्वन्धी कार्यविधि, २०७९

प्रस्तावनाः स्थानीय स्तरमा व्यक्ति–व्यक्तिहरु वीच बिभिन्न विषयगत क्षेत्रका समूह निर्माण गरी समूहगत कार्यलाई प्रथमिकता दिदैं समुन्नत र समृद्ध समाजको स्थापना र विकास गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हलेसी तुवाचुङ नगरपालिका कार्यपालिकाको मिति २०७९।०९।२४ मा बसेको बैठकले यो कार्यबिधी स्वीकृत गरी लागु गरेको छ ।

### भाग–१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नामः हलेसी तुवाचुङ नगरपालिकाको विभिन्न समूह गठन र सञ्चालनसम्वन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) समूह भन्नालेः महिला आमा समूह(स्वास्थ्य आमा समूह), युवा समूह सम्झनु पर्छ र सो शब्दले नगर कार्यपालिकाले निर्णय गरी तोकेका अन्य विषय क्षेत्रसँग सम्वन्धित समूहसमेतलाई जनाउँछ ।

(ख) कार्यविधि भन्नालेः हलेसी तुवाचुङ नगरपालिकाको विभिन्न समूह गठन र सञ्चालनसम्वन्धी कार्यविधि, २०७५९ लाई सम्झनुपर्छ ।

(ग) परिवार भन्नालेः सदस्यको पति वा पत्नी, छोरा, बुहारी, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी, दिदी र बहिनी सम्झनुपर्छ । तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ–आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(घ) विधान भन्नालेः विषयगत समूह सञ्चालनको लागि समूहले तयार गरेको विधानलाई सम्झनुपर्छ ।

(ङ) दर्ता गर्ने अधिकारी भन्नालेः समूह दर्ता गर्नको लागि नगरपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

### भाग–२
### समूह गठन तथा सञ्चालन

३. समूह गठनः (१)

क) आमा समूहः

१. कम्तिमा १५ जना आमाहरुको सदस्यहरु रहेको हुनु पर्ने

२. समितिमा महिला स्वयम सेविका अनिवार्य सदस्य सचिव रहनु पर्ने ।

ख) अन्य समूहको हकमः कम्तिमा १५ जना नेपाली नागरिकहरुले कुनै विषयगत क्षेत्र वा बहु विषयगत क्षेत्रमा कार्य गर्ने गरी समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम समूह गठन गर्दा एकै परिवारको एक भन्दा बढी व्यक्ति एउटै समूहमा सदस्य हुने पाउने छैन । तर, समूह दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी सदस्यले समूहको सदस्यता लिन बाधा पर्ने छैन ।

४. समूह दर्ताको लागि निवेदन दिनुपर्नेः (१) दफा ३ बमोजिम गठित समूहले समूह दर्ताको लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूचि १ को ढाँचामा निवेदन दिनुपर्नेछ ।(२) उपदफा (१) बमोजिम निवेदन दिँदा निवेदन साथ देहायका कागजातसमेत संलग्न गर्नुपर्नेछः

(क) समूहको विधान,

(ख) समूह गठन र दर्ता सम्वन्धमा समूले आफ्नो माइन्युटमा गरेको निर्णयको प्रतिलिपि ।

५. समूह दर्ता गर्नुपर्नेः (१) दफा ४ बमोजिम प्राप्त निवेदन सहितका कागजातहरु देहायबमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले निवेदन प्राप्त भएको बढीमा १५ दिनभित्र दर्ता गरी अनुसूचि २ वमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(क) निवेदनसाथ पेश गरेको विधान यस कार्यविधि बमोजिम भएको,

(ख) समूहको उद्धेश्य सामूहिक भावनामा आधारित भएको ।

(२) समूहले पेश गरेको विधान यस कार्यविधि अनुरुप नभएमा वा सामूहिक भावनामा आधारित नभएमा दर्ता गर्ने अधिकारीले संशोधन गर्नुपर्ने विषयसहितको सूचना निवेदन प्राप्त भएको १० दिनभित्र निवेदकलाई दिनुपर्नेछ ।

६. दर्ता गर्न अस्वीकार गर्नसक्नेः यस कार्यविधि विपरित समूह दर्ताका लागि परेका निवेदनलाई दर्ता गर्ने अधिकारीले अस्वीकार गर्न सक्नेछ ।

७. विधान बनाउनु पर्नेः विषयगत समूहले यो कार्यविधिको अधिनमा रहि आफ्नो कार्यसञ्चालनको लागि विधान बनाउनु पर्नेछ ।

## भाग–३
## समूहको उद्धेश्य तथा कार्य

८. समूहको उद्धेश्यः हरेक विषयगत समूहको उद्धेश्य समूहका सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने किसिमको हुनुपर्नेछ ।

९. समूहको कार्यः प्रत्येक समूहका कार्यहरु निम्न हुनेछन्

(क) समूहिक भावनाबाट सञ्चालित हुने,

(ख) सदस्यहरुको हित प्रवद्र्धन गर्ने,

(ग) समूहभित्र लोकतन्त्रको प्रवद्र्धन गर्ने,

(घ) सदस्यहरुको नेतृत्व क्षमता विकास गर्ने

(ङ) विधानमा उल्लेखित कार्यहरु गर्ने ।

## भाग–४
## विविध

१०. कोष सञ्चालन गर्न सक्नेः (१) विषयगत समूहहरुले आफ्ना सदस्यहरुको हित प्रवद्र्धनको लागि कोषको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन् ।

(२) समूहको कोषमा देहायको रकम रहनेछः

(क) समूहका सदस्यहरुले नियमित रुपमा गरेको वचत,

(ख) समूहलाई केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा प्रचलित कानुन वमोजिम अन्य निकायबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन र व्यवस्थापन समूहको विधान अनुरुप हुनेछ ।

११. अनुगमन तथा नियमनः समूहको अनुगमन तथा नियमन नगरपालिका र वडा कार्यालयबाट हुनेछ ।

१२. खारेजी र वचाउः यस अघि अधिकार प्राप्त निकायबाट दर्ता भएका समूहहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

आज्ञाले
रविकिरण आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि-१
दफा ४ को उपदफा (१) सँग सम्वन्धित
समुह दर्ताको लागि दिइने निबेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत
नगर कार्यपालिकाको कार्यालय, दुर्छिम खोटाङ ।

बिषयः................... समूह दर्ता गरिपाउँ ।

श्री .....................................को सहयोगमा हामी आफै .......... समहू मा संगठित भई हलेसी तुवाचुङ नगरपालिका ............वडामा गठन गरेको हाम्रो .................................. समुह दर्ता गरिपाउँ भनी निम्न बिवरण सहित यो निबेदन गरेका छौ ।

समुहको बिवरणः
समुहको नामः .......................................................गठन मितिः ....................
वडा न......... टोलः ................
समुहको उदेश्यः (१)...................................................................
(२) ..................................................................
(३) ....................................................................
समुह सदस्य सख्याः जनजातीः मः .... पुः......दलितः मः ........पुः....अन्यः मः.....पुः.....
जम्माः मः...जम्मा पुः.... कुल जम्माः ...... पदाधिकारीको नामः

| क्रस | पद | नाम थर | उमेर | सम्पर्क | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नियमित बैठक बस्ने दिन : .....
प्रति महिना समुहको हितकोष संकलन हुन
सक्ने रु. हला सम्म हितकोषमा जम्मा
रकम रु.-------------

समूह अगुवाको
दस्तखत

अनुसूचि-२ दफा ५ को उपदफा (१) सँग सम्वन्धित

समुह दर्ता प्रमाण-पत्रको ढाँचा

# हलेसी तुवाचुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# .................. शाखा

फोटो

# दुर्छिम, खोटाङ

समुह दर्ता नं.....

समुह दर्ता प्रमाण–पत्र

समुहगत कार्यलाई सुब्यवस्थित गर्दै ......................... (विषयगत क्षेत्र) क्षेत्रमा टेवा पुऱ्याउने उद्देश्यले हलेसी तुवाचुङ नगरपालिका वडा नं. ......मा मिति ...................... मा गठीत श्री ............................ समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरीएको छ ।

समुह सुदृढीकरण भई सहकारीकरण तर्फ उन्मुख हुनेछ भन्ने अपेक्षा गरीएको छ ।

दस्तखत..........

श्री...................................

शाखा प्रमुख